# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा
प्रदेश नं. २, नेपाल
स्था.:२०७३

पत्र संख्याः ०७७/०७८
चलानी नं.:
मितिः २०७७/०९/०२

# सूचना

प्रस्तुत विषयमा शहरी विकास मन्त्रालयको सशर्त अनुदानबाट सञ्चालन हुने सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस करैयामाई गाउँपालिकाका गरिबी रेखा मुनि रही बसोबास गर्दै आएको पराल/खर/स्याउला/आसवेसट्स/विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने घरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने कार्ययोजना रहेकोमा यस गाउँपालिकामा बसोबास गर्दै आएका लक्षित वर्गले १०(दश) दिन भित्र सम्बन्धित वडा कार्यालयमा विवरण सहितको निवेदन दिनु हुन अनुरोध छ । साथै निवेदनको ढाँचा यसै पत्र साथ संलग्न छ ।

पुनश्चः- यस करैयामाई गाउँपालिका (वडा नं. १-८ सम्म) को लागि सुरक्षित नागरिक आवासको सुविधा पाउने जम्मा घरधुरी संख्या १०७ भएको जानकारी गराईन्छ ।

.............................
अवधेश प्रसाद कुश्वाहा
अधिकृत स्तर आठौं

<u>सम्पर्क ब्यक्तिः</u>

सव-ईन्जिनियर श्री संतोष कुमार ठाकुर
सम्पर्क नं. ९८०७२०२४०९
करैयामाई गाउँपालिका, करैया, बारा

मिति २०७  ।   ।

श्री ......................................

.......नं. वडा कार्यालय................

**विषय : सुरक्षित नागरिक आवास निर्माण सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा "सुरक्षित नागरिक आवास कार्यक्रम" अन्तर्गत त्यस विरगंज महानगरपालिकाको वडा कार्यालयवाट मिति ............................ मा प्रकाशित सुचना बमोजिम "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५" को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीको छनौटका आधारहरु **(Criteria)** भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी बसोबासको व्यवस्था मिलाई दिन हुनको लागि तपसिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेको छु । मैले पेश गरेको प्रमाणहरु सही छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझौंला ।

**तपशिल :**

| क्र.स. | संलग्न कागजातहरुको विवरण | कैफियत |
|---|---|---|
| १ | नागरीकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस आदि आगो, पानी तथा हुरीवाट सहजै प्रभावित हुन सक्ने सामाग्रीवाट छाएको प्रमाणित प्रतिलिपि । फोटो | छ ☐ /छैन ☐ |
| ३ | गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ४ | जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ५ | विगत देखी त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ६ | प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ७ | गरीवीको रेखामुनी रहेका लाभग्राहीको सम्वन्धमा सम्वन्धित स्थानीय तहको सिफारिसको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |
| ८ | विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि । | छ ☐ /छैन ☐ |

**निवेदकको :**

सही: ..................................................

नाम थर :..............................................

बुवा/पति/पत्नीको नाम :...................................

बाजे/ससुराको नाम :...................................

जिल्ला :................................................

गा.पा./न.पा:....................... वडा नं.......

गाउ/टोल :.............................................

सम्पर्क मोवाईल नं.:................................

| निवेदकको औंठा छाप | |
|---|---|
| दाँया | बाँया |
| | |

**नोट :** एउटै चुल्होमा पकाएर खानाखाने तथा एउटै घरको छाना मुनी बस्ने परिवारका सबै सदस्यरुलाई सगोलका परिवार मानिनेछ । खाना पकाउने अर्को चुल्हो भएको र छुट्टिएर अर्को घरमा बसेकाहरुलाई सगोलको परिवार मानिंदैन । एउटा सगोलको परिवारले एउटा फर्म मात्र भर्न पाईनेछ ।झुटो विवरण पेश गरेको पाईएमा सो कार्यक्रमवाट बंचित गरी कानूनी कारवाही गरिनेछ ।